नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

# आ.ब. ०७६/७७ को तेस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

## वासलात

| क्र.सं. | विवरण | लेखा परीक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परीक्षण नभएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ९०,०८०,७१२,२६३ | ८६,१८०,३१३,९१९ | ६९,९०८,४२५,७०३ |
| १.१ | चुक्ता पूँजी | ५,४९६,१६०,८१० | ५,४९६,१६०,८१० | ४,३९६,९२८,६४८ |
| १.२ | जगेडा तथा कोष | २,७३२,१७३,७९६ | २,६१५,५१४,९१२ | ४,४५१,९६७,२७७ |
| १.३ | जीवन बीमा कोष | ८१,३७६,६६६,९१० | ७७,५९२,९२७,४५० | ६०,६२२,८२७,९०० |
| १.४ | महाविपत्ती कोष जगेडा | ४७५,७१०,७४७ | ४७५,७१०,७४७ | ४३६,७०१,८७८ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ९०,०८०,७१२,२६३ | ८६,१८०,३१३,९१९ | ६९,९०८,४२५,७०३ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३१८,०१६,४९२ | ३१६,४५१,९६९ | ३०५,१६६,६९५ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४३,३२४,३८९,९७७ | ४१,३९९,८४६,९११ | ४१,५८१,०७८,७७३ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १६,६९०,५५२,५६३ | १५,७३२,०३६,१६० | ११,०२८,२४२,६५६ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | २९,७४७,६७०,५१३ | २८,७३१,८३८,४४३ | १६,९९३,१२०,६०३ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | ८२,७१९ | १४०,४३६ | ८१६,९७५ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ३३,१५७,०६६,८०५ | ३१,८०२,१०५,५५५ | १९,५०६,३६८,८२७ |
| ३.१ | नगद तथा बैंक मौज्दात | १६५,४५०,९५५ | ४६१,४४६,२७५ | २६०,३२१,०३० |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | २६,२९८,०५७,९७८ | २५,४५८,९६२,११९ | १४,४६८,१६१,६९६ |
| ३.३ | अन्य सम्पत्ती | ६,६९३,५५७,८७२ | ५,८८१,६९७,१६१ | ४,७७७,८८६,१०१ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ३,४०९,३९६,२९२ | ३,०७०,२६७,११२ | २,५१३,२४८,२२४ |
| ४.१ | चालु दायित्व | १,८५३,७६४,५५४ | १,१०२,११६,१६४ | ८४५,०११,७४५ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १७४,८८५,५४२ | १७४,८८५,५४२ | १९१,०१०,०११ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ७२४,४८३,६४० | १,२०८,०४७,८१५ | ८७०,२२८,८८४ |
| ४.४ | अन्य व्यवस्था | ६५६,२६२,५५६ | ५८५,२१७,५९१ | ६०६,९९७,५८४ |

## नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ७९९,०४७,२६९ | ५५१,४८९,५८९ | ७०८,३४०,१३३ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | २५७,१६८,८०३ | १७८,४८१,६६५ | ४५,६५३,१९० |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ५४१,८७८,४६६ | ३७३,००७,९२४ | ६६२,६८६,९४३ |
| १.४ | व्यवस्था फिर्ता | – | – | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ३३१,४७०,९२७ | २००,५७२,१३२ | २४१,११६,१०४ |
| २.१ | व्यवस्थापन खर्च | ८५,६७९,८४६ | ५२,१२६,१०५ | ७४,०४६,२३६ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | १०५,१७७,६३७ | ५१,८२१,७११ | १०,०१०,८३४ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ६०,८१०,३०४ | ४४,७४९,६०५ | ६२,४२२,४६७ |
| २.७ | आयकर | ७९,८०३,१४० | ५१,८७४,७११ | ९४,६३६,५६७ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | ४६७,५७६,३४१ | ३५०,९१७,४५७ | ४६७,२२४,०२९ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

## एकीकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | २५,२९५,९१०,१९४ | १९,००१,२९९,६५९ | २१,१२४,७९६,२६० |
| १.१ | बीमाशुल्क (खुद) | १८,४१८,७७८,९७१ | १३,९११,०६३,८९४ | १५,१९०,९३७,३९९ |
| १.२ | पुनर्बीमा कमिशन आय | २६,९९७,३२८ | २०,७९७,३२८ | २१,७८१,९५३ |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ४,१०८,६३८,७२२ | २,७६७,२६६,५६१ | ३,१५२,७३८,९५८ |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | १,१५३,०५४,४८५ | ७६८,१११,३८९ | ७७७,३८७,४३५ |
| १.५ | अन्य प्रत्यक्ष आय | ११२,१०५,०६९ | ८३,५४३,१७१ | १३२,८४३,३३६ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १,१५६,५८५,७६४ | १,१५६,५८५,७६४ | १,५५५,१७५,६२८ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३१९,७४९,८५५ | २९३,९३१,५५२ | २९३,९३१,५५२ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | ९,८२३,६००,४३१ | ७,१२७,९०१,९१९ | १०,६८७,७५२,१६५ |
| २.१ | दाबी भुक्तानी (खुद) | ५,१९३,०५८,०१५ | ३,१४५,४७९,१७७ | ६,५६९,२३४,७५८ |
| २.२ | अभिकर्ता कमिशन | २,१८१,०४७,७७२ | १,६११,१८२,४४६ | १,८२८,७४०,४६१ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | १०,९८९,०५३ | ८,३३३,२१२ | ९,३८२,३६१ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १८२,२८३,६३७ | १३७,९१६,४४८ | १५०,९७०,४९२ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | १,८९९,४६० | १,३९९,५३० | २,०३९,५६८ |
| २.७ | व्यवस्थापन खर्च | ७७१,११८,६१४ | ४६९,१३४,९४८ | ६६६,४१६,१२८ |
| २.८ | आयकर | ५८३,८३४,६९८ | ३७१,५२२,८०१ | ३९९,७२९,५०२ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था * | ७२४,४८३,६४० | १,२०८,०४७,८१५ | ८७०,२२८,८८४ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम बापत व्यवस्था | १७४,८८५,५४२ | १७४,८८५,५४२ | १९१,०१०,०११ |
| ३ | बचत (१-२) | १५,४७२,३०९,७६३ | ११,८७३,३९७,७४१ | १०,४३७,०४४,०९५ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | १५,२१५,१४०,९६० | ११,६९४,९१६,०७६ | १०,३९१,३९०,९०४ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | २५७,१६८,८०३ | १७८,४८१,६६५ | ४५,६५३,१९० |

* भुक्तानी हुन बाँकी दावी वापत ब्यवस्था अन्तर्गत रु १०.४९ करोड मृत्यु दावी **(Death claim payment)** वापत ब्यवस्था गरिएको छ ।

## अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ११०,३७५,०१७ | १०५,७७२,२९९ | ८३,९२३,१९८ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | १८,६७५,१५१ | १४,०७२,४३३ | १५,३६७,४८१ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,२८०,३१० | १,२५८,५११ | १,२३९,२४८ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७४- ७५ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७५-७६ देखि हालसम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दाबी भुक्तानी रकम (रु.हजारमा) | ४,७६०,९५६ | ३,१९६,९४१ | ५,८८४,२८८ |
| ६. | कुल दाबी भुक्तानी संख्यामा | ३०,४७४ | २१,३४७ | ३८,४२३ |
| ७. | भुक्तानी हुन बाँकी दाबी रकम (रु.हजारमा) | ७२४,४८४ | १,२०८,०४८ | ८७०,२२९ |

दृष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

# आ.व. २०७६/०७७ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७७/०१/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : ११.३४ | प्रति शेयर नेटवर्थ : १५८.३६ | पि.ई. अनुपात : ९२.९२ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,७०१ | औसत प्रतिफल दर : १०.०१ |


* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


कम्पनीले आ.व.२०७६/७७ को तेस्रो त्रैमासिक अवधि सम्ममा रु. ४६.७५ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.४६.७२ करोड मुनाफा आर्जन भएको थियो । गत वर्ष सोहि अवधिमा भएको मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ०.०८ प्रतिशतले बृद्धि भएको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. १,५२१.५१ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ८,१३७.६७ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु.१,८६७.५२ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. १,५३६.७५ करोडको तुलनामा २१.५२ प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ३१९.६९ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले तोस्रो त्रैमासिक अवधिसम्ममा रु. ८६.३१ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ६७.०७ अर्व मा २८.६८ प्रतिशतको बृद्धि हो । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(* बीमाङ्कीय मूल्याङ्कन हुन बाकी)

ख) कम्पनीले विद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ । फलस्वरुप, कम्पनीको व्यवसायिक विस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोबार वास्तविक र यथार्तपरक रहेको पाएका छौं । ख) त्रैमासिक अवधिको शेयर कारोबारको विवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,५१० | न्यूनतम मूल्य : रु ९८४ | अन्तिम मूल्य : रु १,०५४ | कारोबार संख्या : ४२,५५,६८४ कित्ता | कारोबार दिन : ४६ दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुशासित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनीतिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोबार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुऱ्याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोबारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी छलफल पश्चात बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

विवेक झा
प्रमुख कार्यकारी अधिकृत


रजिष्टर्ड कार्यालयः मेनरोड वीरगञ्ज (पर्सा) प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बरः ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...